"सम्पूर्ण श्रमजीवीहरु एकजुट होऔं।"

"गौरवशाली विगत, चुनौतीपूर्ण वर्तमान, लगानी वृद्धि गरी सार्वजनिक शिक्षाको उन्नयन

-राष्ट्रिय शिक्षा ऐन र सबैतहमा सशक्त सङ्गठन"

# नेपाल राष्ट्रिय शिक्षक सङ्गठन

## जिल्ला समिति कास्की, पोखरा

स्थापित : २०३६

पत्र सङ्ख्या (L. No) : ०८१/८२

चलानी नम्बर (Ref. No) : ०४-०८१/८२

मिति: २०८१/०४/०४ गते

**श्रीमान् प्रमुखज्यू,**

**शिक्षा विकास तथा समन्वय इकाइ,**

**कास्की ।**

**विषय : ज्ञापन-पत्र पेश गरिएको ।**

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन २०३६ सालमा स्थापना भई नेपालको शैक्षिक आन्दोलन तथा पेसागत हक, हित र मर्यादालाई स्थापित गरी अनगिन्ती चुनौतीहरूको सामना गर्दै आएको नेपाली शिक्षकहरूको गौरवपूर्ण इतिहास बोकेको सङ्गठन हो । नेपालमा राजनैतिक परिवर्तन एवम् लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न नेपाली शिक्षकहरूको छाता सङ्गठनको रुपमा यसले खेलेको भूमिका उल्येखनीय रहेको छ । मुलुकमा नयाँ संविधान जारी भएको ९ वर्ष बितिसक्दा पनि शिक्षा ऐन जारी भएको छैन । शिक्षकहरू माथि चौतर्फी हमला मात्र गरिएको छ । शिक्षकहरुमाथि दरबन्दी मिलानको नाममा, प्रधानाध्यापक व्यवस्थापनका नाममा, विद्यालय व्यवस्थापन समिति गठनको नाममा, विद्यालय मर्जको नाममा वा विग स्कुलको नाममा ज्यादती बढ्दै गएको छ । शिक्षकहरूले संविधान प्रदत्त ट्रेड युनियन अधिकार, मानव अधिकार समेत प्राप्त गर्न कठिनाई भएको छ। उपरोक्त पृष्ठभूमिमा रहेर केही समसामयिक विषयवस्तुमाथि सङ्गठनका धारणाहरू निम्न बमोजिम प्रष्ट पार्न चाहन्छौं ।

१. विगत वर्षहरु जस्तै यस वर्ष पनि सङ्घ, प्रदेश र स्थानीय तहको बजेटमा शिक्षा क्षेत्र प्राथमिकतामा परेको देखिएन । शिक्षकहरूलाई प्रोत्साहित गर्ने कुनै पनि कार्यक्रमहरू ल्याइएको छैन । विगत लामो समयदेखि न्यून पारिश्रमिकमा काम गरिरहेका बालविकास शिक्षक र विद्यालय कर्मचारीहरूको श्रम कानुनले तोकेबमोजिमको न्युनतम पारिश्रमिकलाई पनि सम्बोधन गरिएन र पेन्सन वञ्चित शिक्षकहरूलाई साविककै शिक्षा ऐनअनुसारको स्थायी शिक्षकले पाउने पेन्सन तथा उपदानको व्यवस्था गर्नु पर्नेमा सङ्घीय बजेट बेखबर देखियो ।

२. बालविकास शिक्षक, विद्यालय कर्मचारी, राहत शिक्षक, प्राविधिक धार तर्फ कार्यरत शिक्षकहरु, संघीय, प्रादेशिक तथा स्थानीय तहबाट तलब पाउने गरी अनुदान दरबन्दीमा नियुक्त शिक्षकहरू र सबै प्रकारका निजी तथा विद्यालय नर्सलगायत शिक्षा क्षेत्रमा काम गर्ने अस्थायी प्रकृतिका शिक्षाकर्मीहरूलाई स्थायी शिक्षक सरहको तलब र योगदानमा आधारित सामाजिक सुरक्षाको प्रबन्ध गरिएन । हाल कक्षा ५ सम्मका

विद्यार्थीहरूलाई दिवा खाजाका लागि रू. १५ का दरले प्रदान गरिँदै आएको रकम अत्यन्त न्यून भएकाले वृद्धि गरी रू. ५० पुऱ्याएर कक्षा १२ सम्म विस्तार गर्नु पर्नेमा सम्बोधन गरिएन । समय सापेक्ष प्र.अ. भत्ता वृद्धि तथा शिक्षकहरूको ग्रेड समायोजनको व्यवस्था समेत सङ्घीय बजेटले गर्न सकेन । राष्ट्रिय दरबन्दी मिलान कार्यदल २०७५ ले दिएको सुझावबमोजिम बिषयगत दरबन्दी अभावलाई सम्बोधन गर्न सकेन साथै शिक्षक विद्यार्थी अनुपातको आधारमा राष्ट्रिय स्तरको दरबन्दी मिलान गर्ने तर्फ कुनै ठोस धारणा ल्याउन सकेन । सङ्घीय शिक्षा ऐन ल्याउने तर्फ यस बजेटले कुनै पनि पहल गरेको देखिएन ।

३. नेपाल राष्ट्रिय शिक्षक सङ्गठन कुनै पनि राजनैतिक दलको जन सङ्गठन वा भातृ सङ्गठन होइन । तथापि, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन राजनैतिक अधिकार सहितको ट्रेड युनियन अधिकारको माग गर्दछ । पेसागत अधिकार र ट्रेड युनियन अधिकार स्थापना, विकास र संरक्षणको लागि गरिने गतिविधिहरू दलगत गतिविधि नभएको तथ्य प्रष्ट पार्दछौं ।

४. विद्यालय शिक्षा ऐन आवश्यकता भएको सन्दर्भमा पुरानै ऐन अनुसारका नियमावली तथा निर्देशिकाहरू जारी गरी सरुवा प्रक्रिया थप झन्झटिलो, बोझिलो, लामो समय लाग्ने र शिक्षकलाई आजीवन घरपायक सरूवा हुनबाट बञ्चित बनाउने देखिन्छ । विगतदेखि अभ्यासमा रहेको पारस्परिक सरुवाको अपव्याख्याले शिक्षकहरू थप मर्कामा पर्ने देखिन्छ । शारीरिक रुपमा अशक्त तथा फरक क्षमता भएका शिक्षक, बालविकास, राहत, प्राविधिक धारका शिक्षक, साविक उच्च मा.वि.का शिक्षक तथा महिला शिक्षकहरूलाई घरपायकको सरुवाको व्यबस्था गर्न सकेको छैन । वर्षौंदेखि समुदायले स्थापना र सञ्चालन गरेका प्रस्तावित विद्यालयहरूको बिषयगत शिक्षक व्यवस्थापनलाई बेवास्ता गरेर शिक्षामा समुदायको अपनत्व र सक्रियतालाई निष्क्रिय पार्न खोजिएको छ ।

५. विद्यालय शिक्षाको गुणस्तरका सन्दर्भमा बाल कक्षादेखि १२ कक्षा सम्मको हरेक परीक्षाको नतिजाको व्याख्या विश्लेषण गरी सुधार गर्नु पर्नेमा केवल कक्षा १० को अन्त्यमा लिइने SEE को मात्र समीक्षा गरेर शिक्षक वर्गलाई यसको भागीदार बनाउने प्रवृत्ति गलत छ । कक्षा ३, कक्षा ५, कक्षा ८, कक्षा १२ र विश्वविद्यालय तहका हरेक परीक्षाको नतिजाको व्याख्या र विश्लेषण गर्नु पर्दछ । नतिजामा सरोकारवाला सबै पक्षलाई जिम्मेवार बनाइनु पर्दछ ।

६. प्रस्तावित विद्यालय शिक्षा विधेयक-२०८० मा तपशिल बमोजिम शैक्षिक मूल्यमान्यता र पेसाकर्मीको हक, हित तथा संरक्षणको प्रबन्ध हुने गरी शिक्षा ऐन अविलम्ब ल्याइयोस् भन्ने जोडदार माग गर्दछौं । यो ऐनले तपसिलका मुद्दाहरूलाई सम्बोधन गर्नुपर्छ भन्ने कुरामा हामी दृढ छौं ।

- ✓ नेपालको संविधान अनुसारको निःशुल्क, समावेशी शिक्षाको सुनिश्चितता,
- ✓ नेपाल शिक्षक महासङ्घले नेपाल सरकारसँग विगतमा पटक-पटक गरेका सहमतिहरुको कार्यान्वयन,
- ✓ गुणस्तरीय शिक्षाको लागि शिक्षामा गुणस्तरीय लगानीको ग्यारेण्टी,
- ✓ स्थानीय तहमा पेसागत हक, अधिकार र शिक्षकहरुको संरक्षण,

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन जिल्ला समिति, कास्की स्था.: २०३६

- ✓ संविधान सम्मत ट्रेड युनियन अधिकारहरूको प्रत्याभूति,
- ✓ निजी विद्यालय र सामुदायिक विद्यालयका निजी प्रकारका शिक्षकहरुको आधारभूत सेवा सुविधाको ग्यारेण्टी,
- ✓ विद्यालय शिक्षालाई तिनै तहका सरकारको साझा दायित्व,
- ✓ शिक्षक सेवा आयोगलाई संवैधानिक बनाउनु पर्ने तथा शिक्षक काउन्सिलको व्यवस्था हुनुपर्ने,
- ✓ उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०७५ ले दिएका सुझावहरू अविलम्ब कार्यन्वयन,

यस सन्दर्भमा नेपालको वर्तमान शैक्षिक तथा पेसागत सवालमा नेपाल राष्ट्रिय शिक्षक सङ्गठन जिल्ला समिति कास्कीका मागहरू निम्नानुसार प्रस्तुत गर्न चाहन्छौं ।

१. स्थानीय तहले आफू खुसी राष्ट्रिय मापदण्ड विपरीत जथाभावी हुने दरबन्दी मिलानलाई रोक्नु पर्ने ।

२. प्रचलित ऐन नियम विपरीत पूर्वाग्रह राखी शिक्षकहरूलाई गरिने सरुवा, कारवाही लगायत पेसाबाट बर्खास्ती लगायतका गतिविधिहरू अविलम्व बन्द गरिनु पर्ने ।

३. सरकारको नीति तथा कार्यक्रम अनुसार बालविकास शिक्षक र विद्यालय कर्मचारीको स्थानीय तहबाट थप गरिनु पर्ने तलव भत्ता अविलम्व पुरा गरिनु पर्ने ।

४. स्थानीय सरकार सञ्चालन ऐन-२०७४ अनुसार विद्यालयीय शिक्षा सम्वन्धी अधिकारहरू बाहेक अन्य क्षेत्रहरूमा स्थानीय तहहरूले शिक्षामा हस्तक्षेपकारी गतिविधिहरू अगाडि बढाउन नहुने ।

५. स्थानीय तहको शिक्षा सम्बन्धी अधिकार अन्तर्गत गाउँ तथा नगर शिक्षा समिति लगायतका शिक्षा सम्बन्धी नीति बनाउने विभिन्न समितिहरूमा पेसागत सङ्घ-सङ्ठनहरूको प्रतिनिधित्व हुनु पर्ने ।

६. स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको परीक्षा तथा पाठ्यक्रम निर्माण लगायतका शिक्षा सम्बन्धी गतिविधिहरू राष्ट्रिय मापदण्ड अनुसार गरिनु पर्ने र त्यस्ता शिक्षा सम्वन्धी नीति तथा कार्यक्रमहरू तय गर्दा पेसागत सङ्घ/सङ्गठनहरूको अनिवार्य प्रतिनिधित्वमा हुनुपर्ने ।

७. अस्थायी प्रकृतिका करार, राहत तथा सङ्घीय, प्रदेश तथा स्थानीय तहको शिक्षण अनुदान शिक्षक नियुक्ति सङ्घीय शिक्षा ऐन र नियमावली अनुसार गरिनु पर्ने । सङ्घीय ऐन र नियमावलीसँग बाझिने गरी स्थानीय ऐन नियमको आधारमा गरिने शिक्षक तथा प्रधानाध्यापक नियुक्ति बन्द गरिनु पर्ने ।

८. तीन ओटै तहका सरकारले शिक्षामा छुट्याउने बजेटले विद्यार्थी र शिक्षकलाई प्रत्यक्ष रुपमा महसुस हुने गरी छुन नसकेको देखिन्छ । तसर्थ बजेट विनियोजन गर्दा प्रत्यक्ष रुपमा शिक्षक र विद्यार्थी केन्द्रित बजेट विनियोजन गर्नुपर्ने ।

९. संविधान प्रदत्त मौलिक अधिकार कुण्ठित हुने गरी ५४ बर्ष पुरानो पञ्चायती ऐन कानुनको साहरामा शिक्षक कर्मचारीहरूलाई आङ्कित गर्ने गतिविधिहरू रोकिनु पर्ने । नयाँ शिक्षा ऐन अविलम्ब ल्याइनु पर्ने ।

पुनश्चः माथि उल्लिखित माग र मुद्दाहरू समयमै सरकारले पूरा गर्ने छ भन्ने अपेक्षा राखेका छौँ । अन्यथा आन्दोलनका कडा कार्यक्रमहरू ल्याउन बाध्य हुनेछौँ र त्यसले ल्याउने परिणामको जिम्मेवार स्वयम् सरकार पक्ष नै हुनेछ । साथै नेपाल शिक्षक महासङ्घ नेपाली विद्यालय पेसाकर्मीहरूको साझा आधिकारिक ट्रेड युनियन हो तर यसको विधान र शिक्षक एकताको भावनाको प्रतिकूल हुने गरी गठन गरिएको भनिएको कथित राष्ट्रिय समिति तथा केही जिल्ला समितिहरूमा नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको सहभागिता र सहमति नरहेको स्पष्ट गर्न चाहान्छौँ । त्यसैगरी अवैध समितिहरूलाई मान्यता नदिन सम्बन्धित निकायलाई अनुरोध गर्दछौँ ।

*साथै विगतमा केन्द्र सरकारले शिक्षकहरुसँग गरेका सम्झौताको छायाँ प्रति यसैसाथ संलग्न गरी पेश गरिएको छ ।*

**दामोदर तिमिल्सिना**
सचिव
नेपाल राष्ट्रिय शिक्षक सङ्गठन
जिल्ला समिति कास्की

**तिर्थराज ढकाल**
अध्यक्ष
नेपाल राष्ट्रिय शिक्षक सङ्गठन
जिल्ला समिति कास्की